## कृषि, वन तथा पर्यावरण मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०८३

कृषि, वन तथा पर्यावरण मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन गर्ने सम्वन्धी प्रशासनिक कार्यलाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन नेपाल सरकार, विभागीय मन्त्रिस्तरबाट यो मापदण्ड स्वीकृत गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "कृषि, वन तथा पर्यावरण मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकार विभागीय मन्त्रिस्तरबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले पदाधिकारीको नियुक्ति वा मनोनयन गर्ने अधिकार प्राप्त अधिकारी वा निकाय सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले सार्वजनिक निकायको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले सार्वजनिक निकायको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "कार्यकारी प्रमुख" भन्नाले सार्वजनिक निकायको कार्यकारी प्रमुख भई काम गर्ने कार्यकारी प्रमुख, कार्यकारी निर्देशक, महाप्रबन्धक वा प्रवन्ध सञ्चालक सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायको कार्यकारी प्रमुखको रुपमा काम गर्नु पर्ने अन्य पदनामलाई समेत जनाउँनेछ ।

(ङ) "पदाधिकारी" भन्नाले सार्वजनिक निकायको अध्यक्ष, उपाध्यक्ष, सदस्य वा कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि, वन तथा पर्यावरण मन्त्रालय सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले सार्वजनिक निकायको सदस्य सम्झनु पर्छ।

(ज) "सम्बन्धित कानून" भन्नाले पदाधिकारीको नियुक्ति वा मनोनयन हुने निकायसँग सम्बन्धित कानून सम्झनु पर्छ।

(झ) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्बद्ध अनुसूची -१ बमोजिमका निकाय सम्झनु पर्छ।

(ञ) "सिफारिस समिति" भन्नाले दफा ८ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

३. **पदाधिकारीको योग्यताः** (१) सम्बन्धित कानूनमा पदाधिकारीको नियुक्ति वा मनोनयनको लागि योग्यता तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा देहायको पदाधिकारीको पदमा नियुक्ति वा मनोनयनको लागि देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछः-

(क) अध्यक्ष, उपाध्यक्ष र सदस्य पदको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको.

(ख) किसान सदस्यको हकमा व्यावसायिक वा सामूहिक कृषि कार्यमा कम्तिमा पाँच वर्षको अनुभव भएको।

(ग) कार्यकारी प्रमुखको लागि सम्बन्धित सार्वजनिक निकायको कार्य प्रकृतिसँग सम्बन्धित विषय वा प्रशासन, व्यवस्थापन, शिक्षाशास्त्र, अर्थशास्त्र वा कानूनमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै संस्था वा निकायमा व्यवस्थापकको हैसियतले कम्तीमा ५ वर्षको कार्य अनुभव हासिल गरेको ।

४. <u>नियुक्ति वा मनोनयनको लागि अयोग्य मानिने:</u> पदाधिकारीको अयोग्यता सम्बन्धमा सम्बन्धित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा देहायको व्यक्ति पदाधिकारीको पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) आफू नियुक्त हुने सार्वजनिक निकायमा हिताधिकारी वा लाभग्राही भएको,

(च) अध्यक्षको हकमा पैंतीस वर्ष र सदस्यको हकमा तीस वर्ष उमेर पूरा नभएको,

(छ) कार्यकारी प्रमुखको हकमा उमेर तीस वर्ष पूरा नभएको र साठी वर्ष नाघेको,

(ज) मानसिक सन्तुलन ठीक नभएको, वा

(झ) कार्यकारी प्रमुखको हकमा नियुक्त वा मनोनयन हुने सार्वजनिक निकायसँग कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको वा निजी स्वार्थ रहेको।

५. <u>पदावधिः</u> पदाधिकारीको पदावधि सम्बन्धमा सम्बन्धित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा पदाधिकारीको पदावधि नियुक्ति वा मनोनयन गर्दाका वखत तोकिनेछ ।

तर निजको कार्यसम्पादन सन्तोषजनक भएमा अधिकार प्राप्त अधिकारीले बढीमा दुई वर्षसम्मको कार्यकाल थप गर्न र निजको कार्यसम्पादन सन्तोषजनक नभएमा, कार्यक्षमताको अभाव भएमा, खराब आचरण वा इमान्दारीपूर्वक पदीय जिम्मेवारी अनुरुप काम नगरेको अवस्थामा अधिकार प्राप्त अधिकारीले निजलाई हटाउन सक्नेछ र यसरी हटाउँदा निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

६. <u>पद रिक्त हुने अवस्थाः</u> (१) सम्बन्धित कानूनमा पदाधिकारीको पद रिक्त हुने सम्बन्धी व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा देहायको अवस्थामा पदाधिकारीको पद रिक्त हुनेछः-

(क) निजले पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजमा दफा ४ बमोजिमको अयोग्यता सिर्जना भएमा,

(घ) कार्यक्षमताको अभाव, खराब आचरण वा इमान्दारीपूर्वक पदीय जिम्मेवारी अनुरुप काम नगरेको ठहर भई अधिकार प्राप्त अधिकारीले पदबाट हटाएमा, वा

(ङ) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम कुनै पदाधिकारीलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

७. <u>प्रतिस्पर्धाबाट नियुक्ति गरिनेः</u> (१) कार्यकारी प्रमुखको पदमा खुला प्रतिस्पर्धाका आधारमा नियुक्ति गरिनेछ।

८. <u>सिफारिस समितिः</u> (१) पदाधिकारीको पदमा नियुक्ति सिफारिस सम्बन्धमा सम्बन्धित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा मन्त्रालय समक्ष पदाधिकारीको पदमा नियुक्ति सिफारिसका लागि देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको सचिव | - संयोजक |
| (ख) | मन्त्रालयले मनोनयन गरेको सम्बन्धित क्षेत्रको विषयविज्ञ एकजना | - सदस्य |
| (ग) | मन्त्रालयको प्रशासन महाशाखाको प्रमुख | - सदस्य |

(२) सम्बन्धित कर्मचारी प्रशासन शाखा हेर्ने उपसचिवले सिफारिस समितिको सदस्य-सचिवको रुपमा काम गर्नेछ ।

(३) सिफारिस समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि तथा कार्य प्रक्रिया सिफारिस समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>सिफारिस समितिको काम र कर्तव्यः</u> सिफारिस समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) दरखास्त आव्हान गर्ने,

(ख) दरखास्त दिने व्यक्तिको शैक्षिक योग्यता, कार्य अनुभव र विषय विज्ञताको छानविन गरी योग्यता पुगेका उम्मेदवारको दरखास्त स्वीकृत गरी सोको सूची प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिमको सूचीमा परेका उम्मेदवारको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन विज्ञबाट गराउने र व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण गराई मूल्याङ्कन गर्ने।

(घ) उम्मेदवारको अन्तर्वार्ता लिने,

(ङ) योग्यताक्रमको आधारमा बढीमा तीन जनासम्मको नाम छनौट गरी वर्णानुक्रमका आधारमा सिफारिस गर्ने।

१०. <u>सूचना प्रकाशन गर्ने</u>: (१) सिफारिस समितिले पदाधिकारीको पदमा नियुक्तिको लागि कम्तीमा पन्ध्र दिनको अवधि दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गरी ईच्छुक व्यक्तिबाट अनुसूची -२ बमोजिमको दरखास्त/प्रतिवद्धता आव्हान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि सो सूचना बमोजिमको पदमा नियुक्त हुन चाहने दफा ३ बमोजिमको योग्यता पुगेको व्यक्तिले देहाय बमोजिमका विवरण तथा कागजातको प्रमाणित प्रति संलग्न गरी मन्त्रालय समक्ष दरखास्त दिन सक्नेछः-

(क) नागरिकताको प्रतिलिपि,

(ख) व्यक्तिगत विवरण,

(ग) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(ङ) उपदफा (१) बमोजिमको सूचनामा तोकिएका अन्य आवश्यक कागजात।

(३) उपदफा (२) बमोजिमका कागजातसहित कार्यकारी प्रमुखको पदमा दरखास्त दिने व्यक्तिले त्यस्तो दरखास्त साथ आफू नियुक्त हुन चाहेको सार्वजनिक निकायको सुधार सहितको पाँच हजार शब्दमा नबढाई तयार गरिएको व्यावसायिक कार्ययोजना समेत छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

११. <u>उम्मेदवारको सूची प्रकाशन गर्ने</u>: सिफारिस समितिले दरखास्त दिने अवधि समाप्त भएपछि सम्बन्धित कानून तथा यस कार्यविधि बमोजिम योग्यता पुगेका र रितपूर्वक प्राप्त भएका दरखास्तहरूको आधारमा स्वीकृत उम्मेदवारको नामावली सहितको सूची प्रकाशन गर्नु पर्नेछ।

१२. <u>मूल्याङ्कनको आधार</u>: सिफारिस समितिले अनुसूची -३ मा उल्लेख भए बमोजिमका शैक्षिक योग्यता, अनुभव, व्यावसायिक कार्ययोजना, व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तवार्ताको आधारमा उम्मेदवारको मूल्याङ्कन गर्नेछ।

तर कार्यकारी प्रमुखको रुपमा काम गर्नुपर्ने पदाधिकारी बाहेक अन्य पदाधिकारीको नियुक्ति वा मनोनयनको लागि मूल्याङ्कन गर्दा व्यावसायिक कार्ययोजना, व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण, अन्तरवार्ताको मूल्याङ्कन बाहेकका अन्य आधारमा मूल्याङ्कन गर्न बाधा परेको मानिने छैन ।

१३. <u>सिफारिस तथा नियुक्ति</u>: (१) सिफारिस समितिले दफा १२ बमोजिमको मूल्याङ्कनको आधारमा उम्मेदवारको शैक्षिक योग्यता तथा अनुभव, व्यावसायिक कार्ययोजना, व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण तथा अन्तवार्तामा प्रदान गरिएको अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना उम्मेदवार छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

तर कार्यकारी प्रमुखको रुपमा काम गर्नुपर्ने पदाधिकारी बाहेकका पदमा दफा १२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मूल्याङ्कन गरी सिफारिस गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम सिफारिस भएका उम्मेदवारमध्येबाट अधिकार प्राप्त अधिकारीले उपयुक्त ठहऱ्याएको व्यक्तिलाई पदाधिकारीको पदमा नियुक्त गर्न सक्नेछ ।

(३) दफा १२ को प्रतिवन्धात्मक वाक्यांशको व्यवस्था बमोजिम मूल्याङ्कन गरी सिफारिस भएका उम्मेदवारलाई पदाधिकारीको रुपमा अधिकार प्राप्त अधिकारी वा निकायले नियुक्ति गर्नेछ ।

१४. <u>नियुक्ति वा मनोनयन गर्ने अधिकार:</u> सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति गर्ने अधिकार अनुसूची -४ मा उल्लेख भए बमोजिमको अधिकार प्राप्त अधिकारी वा निकायलाई हुनेछ ।

१५. <u>कार्यसम्पादन करार गर्नु पर्ने:</u> (१) विभागीय मन्त्रि अध्यक्ष हुने निकायमा मन्त्रिले र अन्य निकायमा मन्त्रालयको सचिवले कार्यकारी प्रमुख नियुक्त हुँदाकै बखत त्यस्तो कार्यकारी प्रमुखसँग कार्यसम्पादन करार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) कार्यकारी प्रमुखले पूरा गर्नु पर्ने कामको विवरण,

(ख) निजले पेश गरेको व्यावसायिक विवरण, सम्बन्धित सार्वजनिक निकायको सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति, कार्यक्रम तथा त्यसको कार्य तालिका,

(ग) खण्ड (क) र (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्याङ्कनको संयन्त्र,

(ङ) अन्य आवश्यक विषय ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्यसम्पादन भए नभएको विषयमा अर्धबार्षिक मूल्याङ्कन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कन गर्दा कार्यकारी प्रमुखको कार्यसम्पादनको स्तर पचहत्तर प्रतिशतभन्दा कम भएमा निजलाई सम्बन्धित कानूनको अधीनमा रही अधिकार प्राप्त अधिकारीले हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

१६. <u>दोहोरो सुविधा नपाउने:</u> सार्वजनिक निकायमा नियुक्त वा मनोनयन भएका पदाधिकारीले सरकारी कोषबाट निवृत्तभरण प्राप्त गरिरहेको भए निवृत्तभरण वा तलबमध्ये कुनै एक रोजी लिन पाउनेछ।

१७. <u>मापदण्डको व्याख्या र बाधा अडकाउ फुकाउ:</u> यस मापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै अष्पष्टता वा द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन सक्नेछ।

अनुसूची -१

(दफा २ को खण्ड (झ) सँग सम्बन्धित)

<u>सार्वजनिक निकाय</u>

१. कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति
२. कृषि सामग्री कम्पनी लिमिटेड
३. जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड
४. दुग्ध विकास संस्थान
५. नेपाल कृषि अनुसन्धान परिषद्
६. नेपाल पशु चिकित्सा परिषद्
७. नेपाल वन निगम कम्पनी लिमिटेड
८. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्
९. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
१०. राष्ट्रिय दुग्ध विकास बोर्ड
११. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति
१२. वन पैदावार विकास समिति

अनुसूची -२

(दफा १० सँग सम्बन्धित)

नियुक्त वा मनोनयन हुन चाहने व्यक्तिले पेश गर्नु पर्ने दरखास्त/प्रतिवद्धताको ढाँचा

कृषि, वन तथा पर्यावरण मन्त्रालयसम्बद्ध देहायको सार्वजनिक निकायको देहायको पदमा नियुक्ति वा मनोनयन भई सेवा गर्ने ईच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त/प्रतिवद्धता पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वःघोषणा समेत गर्दछु। उक्त पदमा नियुक्ति वा मनोनयन भएमा प्रचलित कानून बमोजिम ईमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

१. नियुक्त वा मनोनयन हुन चाहेको सार्वजनिक निकायको नामः ..........................

२. नियुक्त वा मनोनयन हुन चाहेको पद .......................................................

३. प्रतिवद्धता पेश गर्ने व्यक्तिकोः

(क) व्यक्तिगत विवरण

नाम थरः

नागरिकता नं.　　　जारी जिल्लाः　　　जारी मितिः

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः　　　सम्पर्क नं.:　　　ईमेल ठेगानाः

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

(क) अनुभवः

| क्र.सं. | पद | कार्यरत संस्था र जिम्मेवारी | कार्यरत अवधि | | सेवा अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि(dd/mm/yy) | सम्म(dd/mm/yy) | | |
| १ | | | | | | |
| २ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | | | | | |
| ४ | | | | | | |
| जम्मा सेवा अवधि: | | | | | | |

(घ) लेख रचना तथा अन्य प्रकाशनः

| क्र.सं. | लेख रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल, पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

(ङ) अन्य केही खुलाउने पर्ने भए:

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

(च) संलग्न कागजात तथा विवरणः

(१) नागरिकताको प्रतिलिपि,
(२) व्यक्तिगत विवरण,
(३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,
(४) अनुभव खुल्ने कागजातको प्रतिलिपि,
(५) अन्य आवश्यक कागजात ।

माथि उल्लिखित सबै विवरणहरु ठिक साँचो हुन, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| औंठाको छाप | |
|---|---|
| | |
| दायाँ | बाँया |

दस्तखतः ..............................

मितिः २०......./........../.........

अनुसूची -३

(दफा १२ सँग सम्बन्धित)

**पदाधिकारी नियुक्तिको लागि छनौटको अङ्क प्रदान गर्ने आधार**

| | |
|---|---|
| १. शैक्षिक योग्यता मूल्याङ्कनको आधारः | पूर्णाङ्कः २० |
| (क) न्यूनतम शैक्षिक योग्यता वापत | -१५ अङ्क |
| (ख) अतिरिक्त शैक्षिक योग्यता वापत | - ५ अङ्क |
| २. अनुभव | पूर्णाङ्कः १० |
| (क) न्यूनतम पाँच वर्षको अनुभव वापत | -५ अङ्क |
| (ख) प्रत्येक वर्षको थप थप अनुभव वापत १ अङ्कको दरले | -५ अङ्क |
| ३. व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधारः | पूर्णाङ्कः २५ |
| (क) अवधारणागत स्पष्टता | -१० अङ्क |
| (ख) सही सूचना र विश्लेषण | -४.० अङ्क |
| (ग) समस्याको पहिचान र सुधारका लागि सुझाव | -८.० अङ्क |
| (घ) लेखन शैली | -३.० अङ्क |
| ४. व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण मूल्याङ्कनको आधारः | पूर्णाङ्कः २५ |
| (क) अवधारणागत स्पष्टता | -७.० अङ्क |
| (ख) प्रस्तुतीकरण शैली | -५.० अङ्क |
| (ग) विषय वस्तुको विश्लेषण गर्न सक्ने क्षमता | -५.० अङ्क |
| (घ) आत्मविश्वास | -५.० अङ्क |
| (ङ) समयको व्यवस्थापन | -३.० अङ्क |
| ५. अन्तरवार्ता वापत | पूर्णाङ्कः २० |

अनुसूची -४

(दफा १४ सँग सम्वन्धित)

**अधिकार प्राप्त अधिकारी वा निकाय**

| क्र.स. | सार्वजनिक निकायको नाम | पदाधिकारी | नियुक्तिको अधिकार प्राप्त अधिकारी वा निकाय | |
|---|---|---|---|---|
| | | | मन्त्रिपरिषद् | विभागीय मन्त्रीस्तर |
| १. | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति | अध्यक्ष | | ✓ |
| | | कार्यकारी निर्देशक | ✓ | |
| | | समितिमा नियुक्ति मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| २. | कृषि सामग्री कम्पनी लिमिटेड | अध्यक्ष | | ✓ |
| | | प्रबन्ध सञ्चालक | ✓ | |
| | | अन्य सदस्यहरु | | ✓ |
| ३. | जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड | अध्यक्ष | ✓ | |
| | | महाप्रवन्धक | ✓ | |
| ४. | दुग्ध विकास संस्थान | अध्यक्ष | | ✓ |
| | | महाप्रवन्धक | ✓ | |
| | | संस्थानमा नियुक्ति/ मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| ५. | नेपाल कृषि अनुसन्धान परिषद् | कार्यकारी निर्देशक | ✓ | |
| | | परिषद्मा नियुक्त वा मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| ६. | नेपाल पशु चिकित्सा परिषद् | अध्यक्ष | | ✓ |
| | | रजिष्ट्रार | ✓ | |

| क.स. | सार्वजनिक निकायको नाम | पदाधिकारी | नियुक्तिको अधिकार प्राप्त अधिकारी वा निकाय | |
|---|---|---|---|---|
| | | | मन्त्रिपरिषद् | विभागीय मन्त्रीस्तर |
| | | परिषद्मा नियुक्त वा मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| ७. | नेपाल वन निगम कम्पनी लिमिटेड | प्रमुख कार्यकारी अधिकृत | ✓ | |
| ८. | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् | अध्यक्ष | | ✓ |
| | | रजिष्ट्रार | | ✓ |
| | | परिषद्मा नियुक्त वा मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| ९. | राष्ट्रिय दुग्ध विकास बोर्ड | कार्यकारी निर्देशक | ✓ | |
| | | बोर्डको कार्यकारी समितिका नियुक्त वा मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| १०. | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | उपाध्यक्ष | | ✓ |
| | | कार्यकारी निर्देशक | ✓ | |
| | | बोर्डको कार्यकारी समितिका नियुक्त वा मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| ११. | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति | अध्यक्ष | ✓ | |
| | | सदस्यहरू | ✓ | |
| १२. | वन पैदावार विकास समिति | कार्यकारी अध्यक्ष | ✓ | |